# युनेस्कोसँग सम्वन्धित क्षेत्रहरूमा कार्य गर्न युनेस्को सम्वद्ध क्लवहरू तथा स्थानीय संस्थाहरूले प्रस्तुत गर्ने साझेदारी कार्यक्रम सम्वन्धमा जानकारी

शिक्षा, संस्कृति, विज्ञान र प्रविधि, आमसंचार र सामाजिक क्षेत्रमा युनेस्को क्लव, संघ संस्था लगायतका गैरसरकारी क्षेत्रलाई अभिप्रेरित गरी युनेस्कोको आदर्शलाई जनस्तरसम्म पुऱ्याई दीगो शान्ति र विकासका लागि स्थानीय परिचालन गर्ने गराउने उद्देश्यले युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले साना संचालकहरूलाई कार्यक्रमको विषय, क्षेत्र र अपेक्षित लाभ समेतलाई विचार गरि बीउँ पूँजी (Seed Money) सहयोग गर्ने गरिआए अनुसार यस आ.ब. २०६६/६७ का लागि तपसिलको परियोजना प्रस्ताव नमूना वमोजिम सम्वद्ध क्षेत्रमा कार्य गर्न उत्सुक क्लव, संघ संस्थाहरूलाई स्थानीय परियोजना प्रस्ताव पेश गर्न सक्ने छन् ।

## परियोजना प्रस्तावको नमूना

द्रष्टब्य:

१. युनेस्को सम्वद्ध संस्थाहरूबाट प्रस्तावित युनेस्को विषय क्षेत्र सम्वन्धित कार्यक्रमलाई उच्च प्राथमिकता दिईने छ ।

२. स्थानीय साझेदारी कार्यक्रमका लागि ज्यादै सिमित रकम बाँडफाँड हुने भएकाले यस सचिवालयमा दर्ता भएका मध्ये कार्यक्रमको गहनता, सान्दर्भिकता र उपलब्धीलाई विचार गरि आ.ब. को बजेटले भ्याएमा मात्र बीउँ पूँजी (Seed Money) उपलब्ध गराइनेछ ।

३. सामान्यतया बीउँ पूँजी (Seed Money) अधिकतम रू. २५,०००/- (पच्चीस हजार) भन्दा बढि हुने छैन ।

४. स्थानीय परियोजना संचालक संस्थाको पनि कार्यक्रम संचालनमा आर्थिक योगदान हुनु पर्नेछ ।

५. २०६६ माघ मसान्तसम्ममा प्राप्त हुने परियोजना प्रस्तावहरूको छनौट गरी चैत्र मसान्तसम्ममा कार्य सम्पन्न हुने गरी बीउँ पूँजी (Seed Money) उपलब्ध गराईनेछ ।

६. बीउँ पूँजी (Seed Money) सहयोग माग गर्ने संस्थाले परियोजना प्रस्तावका साथ निम्न कागजात पेस गर्नु पर्ने छ :

   क) संस्था दर्ताको प्रमाणपत्र

   ख) दर्ता नविकरणको अध्यावधिक प्रमाणपत्र

   ग) संस्थाले विगतमा प्राप्त कार्य उपलब्धी वितरण

   घ) संस्थाको कार्यकारीणि समितिका पदाधिकारीको विवरण

   ङ) संस्थाको सम्पर्क ठेगाना, टेलिफोन नंम्वर (पोष्टबक्स नं. सहित)